म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ३१७ २०८१ कार्तिक ३ गते शनिबार 19 October 2024, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

## हटियामा करेन्ट लागेर २ बालिकाको मृत्यु

हेटौंडा: हेटौंडा-१६ हटियामा करेन्ट लागेर २ बालिकाको मृत्यु भएको छ । असोज २६ गते शनिबार दिउँसो १ बजेको समयमा हेटौंडा-१६, हटियास्थित कभर्डहल छेउमा ११ केभी पिन इन्सुलेटर भाचिएर नजिकै फलामको पोलमा सर्ट भई पोल नजिकै जमेको पानीमा विद्युत प्रवाह भइरहेका पोल नजिकैबाट हिँडिरहेका दुई बालिकालाई करेन्ट लागेको प्रहरीको भनाइ छ ।

मृत्यु हुनेमा बारा जिल्लाको निजगढ नगरपालिका-१ की ९ वर्षीया बालिका र हेटौंडा-१६ की ७ वर्षीया बालिका रहेको प्रहरीको भनाइ छ । करेन्ट लागेर अचेत भएका दुवै बालिकालाई उपचारका लागि हेटौंडा अस्पताल पठाइएकोमा उपचारको क्रममा डाक्टरले मृत्यु घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

### विशेष नगर सभाले करको दर संशोधन गरेन

# सहमति पालना नभएको भन्दै व्यवसायी रुष्ट

समाज संवाददाता

हेटौंडा: हेटौंडा उपमहानगर पालिकाको विशेष नगरसभाले चालु आर्थिक वर्षको आर्थिक ऐनमा कुनै किसिमको संशोधन नगरी लागु गर्ने निर्णय गरेको छ । बुधबार बसेको विशेष नगरसभाले चालु आर्थिक वर्षको आर्थिक ऐनमा गरिएको व्यवस्थामा नगरवासीको माग बमोजिम करको दर पुनरावलोकन नगरी आगामी आर्थिक वर्षमा पुनरावलोकन गर्ने संकल्प प्रस्ताव पारित गरेको छ ।

कर वृद्धिबाट नगरवासीलाई पर्न गएको असरलाई भने विशेष नगरसभाले आत्मसात गरेको छ । आर्थिक ऐनमा संशोधन गर्दा विनियोजन विधेयकमा समेत असर पर्ने भन्दै नगरसभाले संशोधन नगर्ने निर्णय गरेको हो । नगरसभाले कर छुटको अवधि भने पुस मसान्तसम्मका लागि थप गरेको छ । नगरसभामा नगरप्रमुख मीना कुमारी लामाले नगरसभालाई सम्बोधन गर्नुभएको थियो । उहाँले कर वृद्धिको विरोधमा व्यवसायीको आन्दोलन, व्यवसायीसँगको ८ बुँदे सम्झौताको विषय समेत प्रस्तुत गर्नुभएको थियो । नगरसभाले करको दर संशोधन नगरेको भन्दै व्यवसायी रुष्ट भएका छन् ।

हेटौंडा उपमहानगरपालिकाका नगरप्रमुख मीना कुमारी लामा, उपप्रमुख राजेश बानियाँ, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षसमेतको उपस्थितिमा विशेष नगरसभा मार्फत चालु आर्थिक वर्षको आर्थिक ऐनमा संशोधन गरी साविकै करको दर लागु गर्ने भनी व्यवसायीसँग लिखित सहमति गरेको हेटौंडा उपमहानगर पालिकाले बुधबार विशेष नगरसभामा करको दर हेरफेर नगर्ने निर्णय भएपछि व्यवसायी रुष्ट भएका हुन् ।

आर्थिक मन्दीका बेला अस्वभाविकरुपमा अत्यधिक कर वृद्धि गरेको भन्दै व्यवसायी आन्दोलित बनेका थिए । व्यवसायीसँगको लिखित सहमति र पछिल्ला अनौपचारिक सहमतिलाई समेत बेवास्ता गर्दै आर्थिक ऐनमा संशोधन नगर्नु नगरप्रमुख र उपप्रमुखको दम्भ भएको मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कुमार गुप्ताले उल्लेख गर्नुभएको छ । "हामीसँगको सहमतिपछि नगरप्रमुख, उपप्रमुख, वडाअध्यक्षसहितको समूहले काठमाडौं पुगेर पूर्वअर्थमन्त्री, अर्थसचिव, अर्थविद्सँग भेटेर करको दर संशोधन गर्ने विषयमा छलफल गरेका थियौं", अध्यक्ष अग्रवालले भन्नुभयो, "पूर्वमन्त्री, अर्थसचिव, अर्थविद्ले राजश्वको दर परिवर्तन गर्न सकिने सुझाव प्राप्त भएको थियो । पछिल्लो समय उपप्रमुख नेतृत्वको कार्यदलसँग पनि करको दरमा केही छुट गर्ने अनौपचारिक सहमति भएको थियो । ती सबै सहमतिलाई बेवास्ता गर्दै एकतर्फी निर्णय भएको छ । हामी बैठक बसेर आगामी कार्यक्रम तय गर्छौं ।"

यसैबीच शुक्रबार संघको कार्यसमितिको बैठक बसेर उपमहानगरकाले राजश्वको दर संशोधन नगरेको विषयमा आइतबार विषयगत संघ, व्यवसायीका अन्य संघ, संगठनसँग परामर्श गरेर आगामी रणनीति तय गर्ने निर्णय गरेको छ । संघका पदाधिकारीहरु आन्दोलनको पक्ष र विपक्षमा देखिएकाले संघले आफूले मात्रै नभई सबै व्यवसायीको सल्लाह र सहमतिमा आगामी रणनीति तय गर्ने निर्णय गरेको हो ।

# प्रदेश प्रमुख देवकोटाद्वारा विधेयक फिर्ता

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेशका प्रमुख दीपक प्रसाद देवकोटाले २ विधेयक प्रमाणीकरण गर्नुभएको छ भने एउटा विधेयक फिर्ता गर्नुभएको छ । प्रदेश प्रमुख देवकोटाले प्रदेशसभाबाट पारित भएर प्रमाणीकरणका लागि प्राप्त भएको एउटा विधेयक पुनःविचार गर्नका लागि प्रदेश सभामै फिर्ता पठाउनुभएको हो ।

प्रदेश प्रमुख देवकोटाले विहीबार प्रदेशसभाबाट पारित भई प्रमाणीकरणका लागि प्राप्त भएको 'प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८०' पुनर्विचारका लागि प्रदेश सभामा फिर्ता पठाउनुभएको हो । उहाँले संविधानको धारा २०१ को उपधारा (३) बमोजिम उक्त विधेयकमा व्यवस्था गरिएका केहि प्रावधानहरुका विषयमा पुनःविचार गर्नुपर्ने भएकाले प्रदेश सभामा पठाएको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ ।

प्रदेश प्रमुखले फिर्ता पठाएको उक्त विधेयक प्रदेश सभामा पुनः छलफल गरी आवश्यक संशोधनसहित प्रमाणीकरणका लागि पठाउनुपर्ने संवैधानिक व्यवस्था रहेको छ । यस्तै प्रदेश प्रमुख देवकोटाले प्रदेश सभाबाट पारित भई प्रमाणीकरणका लागि प्राप्त भएका अन्य २ वटा विधेयक भने प्रमाणीकरण गरी प्रदेश सभामा फिर्ता पठाउनुभएको छ ।

प्रमाणीकरण भएका विधेयकहरुमा प्रदेश स्वास्थ्य सेवा ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक र प्रदेश हस्तकला ग्राम स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेका विधेयक रहेका छन् । प्रदेशसभाको असोज ७ गते बसेको बैठकले पारित गरेको ती विधेयकहरु प्रदेश प्रमुख देवकोटाले संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणीकरण गर्नुभएको हो । प्रदेश प्रमुखबाट प्रमाणित भएका दुवै विधेयकहरु राजपत्रमा प्रकाशित भएपछि लागू हुने छन् ।

### भीमफेदी-कुलेखानी-फर्पिङ सडक एकतर्फी

# काठमाडौं जान त्रिभुवन राजपथ र कान्तिलोकपथ

समाज संवाददाता



हेटौंडा: हेटौंडा-काठमाडौं छोटो मार्ग भीमफेदी-कुलेखानी-फर्पिङ खण्डको कुलेखानी सिमखोलामा दुईतर्फी सहज सडक निर्माणका लागि स्थानीय प्रशासनले उक्त सडक एकतर्फी गर्ने निर्णय गरेको छ । आज शुक्रबारदेखि आइतबारसम्म ३ दिनका लागि सडक एकतर्फी सञ्चालन गर्ने निर्णय गरिएको मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालले जानकारी दिनुभएको छ ।

"सिमखोलाको डाइभर्सनमा एउटा गाडी मात्रै आउजाउ गर्न सकिने र केही क्षति पनि पुगेकोले उक्त खण्डलाई दुईतर्फी सञ्चालन गर्न सक्ने गरी मर्मत गर्न आज शुक्रबारदेखि पर्सी आइतबारसम्म ३ दिनका लागि काठमाडौंबाट आउन मात्रै दिने व्यवस्था गरिएको छ" प्रमुख जिल्ला अधिकारी चिलुवालले भन्नुभयो, "काठमाडौं जाने सवारी साधनले त्रिभुवन राजपथ र कान्तिलोकपथ प्रयोग गर्नुपर्नेछ ।"

भीमफेदी हुँदै काठमाडौं जान खोज्ने सवारी साधनलाई प्रहरीले भैंसेमै रोकेर त्रिभुवन राजपथ हुँदै जान दिने प्रमुख जिल्ला अधिकारी चिलुवालले बताउनुभएको छ । असोज १० गतेदेखि १२ गतेसम्मको वर्षाका कारण हेटौंडा-काठमाडौं जोड्ने भीमफेदी-कुलेखानी-फर्पिङ सडकखण्ड र कान्तिलोकपथ सडकमा ठूलो क्षति पुगेको छ ।

### हेटौंडा सिमेन्ट उद्योगको क्रसरको तार चोरी

# छानविन समिति गठन गर्न प्रजिअको निर्देशन

समाज संवाददाता

हेटौंडा: हेटौंडा सिमेन्ट उद्योगको क्रसरको तार चोरी भएको छ । असोज २२ गते राती २ बजेको समयमा झण्डै २० जनाको हतियारधारी समूहले सुरक्षागार्डलाई नियन्त्रणमा लिएर तार चोरी गरेको उद्योगका अधिकारीले जानकारी दिएको छ । उद्योग स्थापनाकै बेला जडान गरिएको हुनाले तारको मूल्य यकिन हुन नसकेको उद्योगको प्रशासन शाखाका हरेराम आचार्यले जानकारी दिनुभएको छ ।

तार चोरी भएसँगै उद्योग सञ्चालनमा समस्या हुने बताइएको छ । क्रसरमा प्रयोग भएका विभिन्न प्रकारका करिब १ सय ५० मिटर तार चोरी भएको हो । अनौपचारिकरुपमा प्रहरीलाई चोरीको घटना भएलगत्तै जानकारी गराइए पनि दसैं बिदाका कारण बुधबार मात्रै जिल्ला प्रहरी कार्यालय मकवानपुरमा घटनाबारे जानकारी गराउँदै र आवश्यक अनुसन्धानका लागि निवेदन दिइएको आचार्यले जानकारी दिनुभयो ।

हेटौंडा सिमेन्ट उद्योग सञ्चालक समितिका अध्यक्ष नरेन्द्र भण्डारीले चोरीको घटनाबारे प्रहरीलाई गम्भीर भएर अनुसन्धान गर्न आग्रह गरिएको र उद्योगका कर्मचारीहरुको समेत कमि कमजोरी भए कारवाही गर्ने गरी अनुसन्धान गरिने बताउनुभयो । हेटौंडा सिमेन्ट उद्योगमा बज सेक्युरिटी सर्भिस प्रालिले सुरक्षागार्डसम्बन्धी सेवा प्रदान गर्दै आएको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक श्याम अर्यालले हेटौंडा सिमेन्ट उद्योगमा चोरी भएको घटना सम्बन्धमा निवेदन प्राप्त भएको र प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जानकारी दिनुभयो । ढिलो गरी घटना बारे जानकारी प्राप्त भएको उल्लेख गर्नुहुँदै प्रहरी नायब उपरीक्षक अर्यालले घटनाबारे उद्योगमै बुझ्न समेत आग्रह गर्नुभएको छ । यसैबीच मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालले शुक्रबार उद्योग प्रशासन, सुरक्षागार्ड उपलब्ध गराउने कम्पनिका प्रतिनिधि र प्रहरीलाई राखेर घटनाबारे सोधपुछ गर्नुका साथै उद्योग प्रशासनलाई आन्तरिक रुपमा पनि छानविन समिति बनाएर ७ दिनभित्र प्रतिवेदन बुझाउन निर्देशन दिनुभएको छ ।

# तास खेलिरहेका ८ जना पक्राउ

समाज संवाददाता

हेटौंडा: मकवानपुर प्रहरीले मनहरीमा तास खेलिरहेका ८ जनालाई नगदसहित पक्राउ गरेको छ । बुधबार राती १२ बजेको समयमा मनहरी गाउँपालिका-६, भुलचोकबाट प्रहरीले नगद ४५ हजार ५ सय ४५ रुपैयाँ र १० बुक तासससहित ८ जनालाई पक्राउ गरेको मकवानपुरका प्रहरी प्रवक्ता डिएसपी श्याम अर्यालले जानकारी दिनुभयो ।

विशेष सुचनाको आधारमा प्रहरी निरीक्षक विशाल सापकोटाको कमाण्डको खटिएको टोलीले ८ जनालाई नगदसहित पक्राउ गरेको थियो । पक्राउ पर्नेमा मनहरी-६ का ४७ वर्षीय रेशम तामाङ, २४ वर्षीय रविन मोक्तान, ५३ वर्षीय गोपीलाल मोक्तान, ४२ वर्षीय अशोक राई, ४० वर्षीय कृष्ण थिङ, ४० वर्षीय कृष्ण पाखिन, ४५ वर्षीय सन्तोष राई र ३३ वर्षीय विष्णु पाखिन छन् । पक्राउ परेकाहरु माथी आवश्यक अनुसन्धान भइरहेको प्रहरी प्रवक्ता अर्यालले जानकारी दिनुभयो ।

## बालबालिकाका लागि भिटामिन ए र जुकाको औषधी खुवाउने बारे सूचना

बालबालिकाहरुका लागि हरेक वर्ष राष्ट्रिय "भिटामिन ए" खुवाउने कार्यक्रमअनुसार यही २०८१ कार्तिक २ र ३ गते सञ्चालन हुने भएको छ । उक्त कार्यक्रममा नजिकैको महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका मार्फत ६ महिनादेखि ५९ महिनासम्मका बालबालिकालाई जुकाको औषधी खुवाऔं ।

**जनस्वास्थ्य कार्यालय मकवानपुर**
**हेटौंडा, मकवानपुर**

# श्रम कार्यालयले अभिभावकलाई सचेत गराएर बालबालिका जिम्मा लगायो

समाज संवाददाता

हेटौंडा: बालबालिकालाई माग्न लगाउने बारा जिल्लाको जितपुर-सिमरा उपमहानगरपालिका अमलेखगञ्जस्थित गुम्बाका अभिभावकलाई उप्रान्त बालबालिकालाई माग्ने काममा नलगाउने गरी सचेत गराएर श्रम कार्यालय हेटौंडाले बालबालिकालाई गुम्बाको जिम्मा लगाएको छ । बालमैत्री वडा घोषणा गरिएको हेटौंडा-४ मा मागदै हिँडेका एक जना किशोरसहित १८ जना बालबालिकालाई हेटौंडा उपमहानगरपालिकाको नगर प्रहरीले बिहिबार उद्दार गरेको थियो ।

गुम्बाका अधिकारीलाई सचेत गराएर बालबालिका जिम्मा लगाइएको श्रम कार्यालय हेटौंडाका प्रमुख छन्दनारायण श्रेष्ठले जानकारी दिनुभयो । उद्दार गरिएका १८ जनामध्ये ३ जना बालिका थिए । उद्दार गरिएका बालबालिकालाई सिविन बाल हेल्पलाईन हेटौंडामा राखिएको थियो । बालबालिकालाई उद्दार गरे लगत्तै श्रम कार्यालय, हेटौंडा उपमहानगरपालिका, सिविन बाल हेल्पलाईन हेटौंडा, प्रहरी प्रतिनिधिको सहभागितामा बैठक बसी आवश्यक कारवाहीको प्रक्रिया अगाडि बढाएको थियो ।

गुम्बाले पूर्णिमाका दिन भिक्षाटन गर्नुलाई सांस्कृतिक पक्षबाट हेरिएको बताए पनि बालअधिकारका दृष्टिले माग्ने काममा लगाउनु गैरकानुनी हुनेतर्फ ध्यान नपुगेको भनी आत्मालोचना गरेपछि उप्रान्त माग्ने काममा लगाउने गरी सचेत गराएर छाडिएको श्रम कार्यालय हेटौंडाका प्रमुख श्रेष्ठले जानकारी दिनुभएको छ ।

# हेटौंडा अस्पतालको टिकट मोबाइलबाटै

समाज संवाददाता

हेटौंडा: हेटौंडा अस्पतालका सेवाग्राहीहरुले आफ्नो मोबाइलबाटै अस्पतालको टिकट काट्न सक्ने भएको छ । टिकट लिन लामो समय लाइनमा बस्नुपरेको भन्दै निरन्तर आलोचना भइरहेको सन्दर्भमा हेटौंडा अस्पतालले मोबाइलबाटै टिकट काट्न सकिने व्यवस्था मिलाएको हो । कात्तिक १ गतेदेखि लागु हुने यो व्यवस्थामा सेवाग्राहीले आफूले छानेको समयमा टिकट लिएको विवरण बारेमा जानकारी गराई काउन्टरबाट कार्ड लिन सक्ने बताइएको छ ।




# उज्यालोतिर पुस्तक एक नजर



जयन्ती आचार्य

## पुस्तक समीक्षा




टीकाराम रेग्मी विक्रम सम्वत् २०१३ मा जन्मेका र विसं २०२२ बाट शिक्षारम्भ गरी २०३० मा एस.एल.सी. उत्तीर्ण गरी वि सं. २०३१ बाट अध्यापन पेशामा आवद्ध भए । रेग्मी विसं २०७० मा शिक्षण पेशाबाट अवकाश पाएका थिए । कुशल शिक्षकको भूमिका निर्वाह गर्दै ३९ वर्षसम्म अध्यापन पेशामा रहँदा उनले कुशल प्रशिक्षकको काम समेत गरेका थिए । शिक्षण क्रममा उनले विद्यार्थी केन्द्रित विधि सिकाइमा प्रभावकारिता साथै समसामयिक विषयवस्तुमा समेत उनको लेखनी अगाडि बढेको पाइन्छ। आफू अंग्रेजी शिक्षक भएपनि सामाजिक, गणित र नेपाली समेत कसरी सिकाउने विषयमा उनको विशेष निर्देशन पाइन्छ ।

नेपाली गिजुभाइ रेग्मी चाहेमा शिक्षकले नै गर्न सक्छन् भन्ने भनाइका अभियन्ता हुन्। उनका प्रकाशित विभिन्न कृतिहरूमध्ये उज्यालोतिर एक उत्कृष्ट कृति हो । शरच्चन्द्र बस्तीद्वारा सम्पादन गरिएको ४०५ पृष्ठ भएको शैक्षिक उपन्यासलाई सुनवर्षी बुक हाउसले प्रकाशन एवम् वितरण गरेको पाइन्छ । ५० वटा उपशीर्षक रहेको प्रस्तुत पुस्तकमा सुरुमा नै सभ्यताका मानिस शिक्षकहरूमा भन्दै A child miseducated is a child lost भन्ने jhon kennedy को भनाइलाई राखिएको पाइन्छ ।

प्रस्तुत उपन्यासको प्रमुख पात्र सरिता, प्रयास, भाष्कर सर हुन् । स्नातक तहको प्रमाणपत्र हात परेपछि सरिताले शिक्षक बन्ने योजना बनाएकी छिन् । यसै क्रममा उनले स्नातक पढ्दै गर्दा उनको दाजुले शिक्षकको बाटो रोज्यौ ? भनी प्रश्न गरेबाट हाम्रो समाजमा गुणस्तरीय शिक्षाको चाह सबैमा रहेको तर शिक्षक बन्न र बनाउन नचाहने परिपाटीलाई उदांगो पारेको छ । जीवनसँग जोडिएको सिकाई परिपक्व हुन्छ । काम पनि रुचि र परिस्थितिमा भर पर्ने कुरा हो भन्ने सरिताको दाजुको कुरा साँच्चै हाम्रो जीवनका लागि पनि उत्तिकै मार्मिक छ । आफैंले पढेको स्कुलमा शिशु कक्षा शिक्षकमा आफ्नो नाम निस्किएपछि सरिताले आफ्नो बुबाको निर्देशनमा आफ्नै गुरु भाष्कर सरलाई भेटिन् जो धेरै वर्ष पढाएर पनि जागिर छाड्दा समेत नथाकी आफ्नो कर्तव्य बोधले थिचिएका थिए । सरितालाई सम्झाउने क्रममा उनै गुरुले रंगीन संसारको चकचकी भएको जवानमा तिमीले शिक्षकको सादा जीवन रोजिछ्यौ भन्ने भनाइबाट शिक्षक जीवन सादा र विचार उच्च हुनुपर्ने कुरालाई समेत सङ्केत गरिएको पाइन्छ ।

आजका पुस्ता परीक्षा उत्तीर्ण गर्ने मात्रै उद्देश्य लिएर विद्यालयमा भर्ना हुन्छन् । अध्ययन र ज्ञानमा उसलाई रुचि छैन । उसमा प्रमाणपत्र नै विद्वताको प्रमाण हो भन्ने भ्रम छ । असल शिक्षक हुनका निम्ति यस्ता भ्रमलाई च्यात्नुपर्छ । त्यसैगरी कक्षामा विद्यार्थी रमाउन कति पढाएँ होइन विद्यार्थीलाई कति सम्मान गरेँ, तिनीहरू कति सहभागी भए, आफू कक्षाबाट कति सन्तुष्ट हुन सक्यौँ ? जस्ता कुरामा सर्वप्रथम ध्यान दिनु पर्छ भनी भास्कर सरले सरितालाई अर्थ्याएको पाइन्छ।

उपन्यासकारले आफ्नो शिक्षण यात्राका क्रममा अनुभव गरेका कुरालाई उपन्यासको पात्र सरिता मार्फत प्रष्टाएको पाइन्छ। उद्देश्यप्रति सचेत मानिस कहिल्यै हार्दैन भन्ने भनाइलाई सरिताले सार्थक बनाएकी छन्। बाल मनोविज्ञानको अध्ययन गरी विद्यार्थी केन्द्रित शिक्षक विधिबाट अध्यापन गर्ने क्रममा कक्षामा हल्ला भएको कारण विद्यालय प्रवेशको दोस्रो दिनमा नै उनले प्रधानाध्यापकबाट हप्की खानुपर्‍यो तर पनि निराश नभई खोज अनुसन्धानका साथ शिक्षण सिकाइ क्रियाकलापलाई अगाडि बढाइ रहिन् । पुरानो चिन्तनले निर्देशित पाइलाले नयाँ गन्तव्य पुर्‍याउँदै एउटा गन्धमा बानी परेको मानिस अर्को सुगन्धलाई पनि दुर्गन्ध ठान्दछ भन्ने अभिव्यक्ति भास्कर सरको माध्यमबाट प्रष्ट पारिएको छ। उपन्यासमा हेडसरले सरितालाई तपाईं विद्यार्थीलाई खेलाउनु मात्र हुन्छ कि पढाउनु पनि हुन्छ पनि सोध्दा उनले पढाउनकै लागि खेलाउँदै छु भन्ने जवाफ दिएबाट खेलको माध्यमबाट पढाउन सके सिकाई दीर्घकालीन एवम् प्रभावकारी हुने कुरालाई प्रष्ट पारेको पाइन्छ ।

विद्यार्थीहरूलाई सबैभन्दा पहिला रमाएर खेल्दै थोरै थोरै अर्थपूर्ण तरिकाले सुन्ने सुनेको कुरा नक्कल गर्दै बोलेर स्वभाविक तरिकाले बुझ्ने वातावरण दिन सकियो भने एकपटक सिकाएको कुरा अर्को नौलो कुरा सिकाउँदा सहायक हुने छ भन्ने कुरा साबित गर्न सरिताले अध्यापन गर्दा प्राधानाध्यापकले पटकपटक हप्काई नै रहे तर पनि उनले हिम्मत हारिनन् । यस क्रममा उनको मनमा सिकाइ के हो ? मान्छेले के सिक्न खोज्छ ? किन सिक्न खोज्छ ? शिक्षकको दृष्टिमा अत्यन्त महत्वपूर्ण भएपनि शिष्यले किन सिक्न खोज्दैन ? कस्तो कुरा छिटो सिक्छ ? कुनै काम अर्काको आदेशमा र आफ्नै इच्छाले गर्नुमा के के फरक छ ? कुन अवस्थामा सिकाइ प्रभावकारी र दीर्घकालीन हुन्छ ? सिकाइ वातावरण भनेको के हो ? भवन, चौर, डेक्स, बेन्च जस्ता भौतिक वस्तु उही कुरा कसैले सिक्ने आर्काले नसिक्ने किन हुन्छ ? व्यक्तिगत भिन्नता भएर हो कि ? कस्ता व्यक्तिले कसरी सिक्छन् ? व्यक्तिको उमेरले पनि सिकाइमा फरक पार्छ ? बालबालिकाले कुन अवस्थामा राम्ररी सिक्छन् ? बाल सिकाइ र वयस्क सिकाइ बीच के भिन्नता छ ? विषयको भिन्नताले पनि सिकाइमा फरक पार्छ कि ? हाम्रा पुर्खा पनि शिक्षित थिए कि थिएनन् ? तिनीहरू पनि हामीझैं विद्यालय जान्थ्यौ ? उनीहरूको सिकाइको ढाँचा पनि यस्तै थियो ? हाम्रा निरक्षर बुबाआमालाई केले बनायो शिक्षित कहाँ पाए ज्ञान ? कसरी जाने सीप ? निरक्षर मानिस पनि शिक्षित हुन्छ ? औपचारिक र अनौपचारिक शिक्षा भनेको के हो नि ? सिकाउनु र सिक्नुका बीच के सम्बन्ध छ ? पाठ्यपुस्तकको भूमिका के हो ? यी केका लागि हुन् ? प्रश्नहरू मात्र उब्जेनन् उत्तरको खोजीमा पनि लागि रहिन् । उनले आफ्नो गुरु हिँडेको बाटोलाई त्यागेर नयाँ बाटो खोजेकी छिन् । जसमा उनले अरु सबै हिँडेको बाटो सहज त हुन्छ तर नयाँ उपलब्धि हासिल गर्न सकिँदैन भनी नयाँ धार रोजेकी छिन् । उनले धैर्यताको साथ विवेकपूर्ण तरिकाले कटिबद्ध भई सङ्घर्ष गरिनै रहिन् ।

शिक्षाको उद्देश्य विद्यार्थीका आन्तरिक क्षमतालाई उजागर गरी बदलिँदो प्रतिस्पर्धी समाजको चुनौतीलाई सहजै सामना गर्न सक्षम पार्नु हो । विद्यार्थी काँचो माटोको कागजका पाना हुन् भन्दैमा आफ्नै साँचोमा उनीहरूलाई कोच्न खोजिएको र उपयुक्त वातावरण बिना उनीहरूको मनोभावनाको मनन गर्न नसकेको सिकाइ प्रभावकारी बन्न सक्दैन । सरिताले विद्यार्थीलाई पढ्दै उनीहरुमा खेल, अध्ययन, भ्रमण, अवलोकनका माध्यमबाट अध्यापन मात्र गराइनन्। सिकाइमा नयाँ-नयाँ प्रयोग गर्दै विद्यार्थीको अभिलेख तयार गर्न केस स्टडी गर्ने कार्यलाई समेत निरन्तरता दिइन् । यस क्रममा उनी प्रधानाध्यापकको मात्र होइन सहकर्मी मित्रको समेत आँखाको कसिंगर बन्न पुगिन्।

सिकाएको मूल कडी बाल मनोविज्ञान, मायालु व्यवहार, आवश्यकताको पहिचान र रमाएर सिक्ने वातावरणको तयारी उनले गरेकी छिन् । बालबालिकाको आन्तरिक क्षमतालाई मलजल गरी तीनमा रहेको गुणअनुसार अधिकतम योग्य बनाउनु शिक्षकको गुण हो भन्ने कुरामा उनी विश्वस्त छिन् । यसैगरी विद्यार्थीको हाजिरी रजिस्ट्रारमा रोल नम्बर होइन वर्णानुक्रम अनुसार नाम राखी नै बोलाउनाले समेत आत्मगौरवको महसुस हुने हुनाले उनीहरूलाई सिकाइका लागि सम्मान र इज्जतको खाँचो पर्दछ भन्ने चाहन्छिन् । १३ वर्षसम्मको अथक र निरन्तर अध्यापन पश्चात् अन्ततः सरिता सफल शिक्षकको रूपमा स्थापित भइन् । यसअघि उनलाई जजसले घृणा गर्थे ती सबैले सम्मान गर्न थाले र उनको जीवन पनि उज्यालोतिर धकेलियो साथै उनको कारणले विद्यालयको सम्पूर्ण गतिविधिमा समेत सकारात्मक परिवर्तन भई उज्यालोतिर लागेको पाइन्छ।


वास्तवमा भन्नुपर्दा विद्यार्थीको मनोभावनालाई कुल्चेर समाजलाई पन्छाई सिकाएको शिक्षाले कुनै अर्थ राख्न सक्दैन । विद्यालय नै समाजको प्रतिबिम्ब भएकोले विद्यालय राम्रो बनाउनु समाजको दायित्व हो। पेशाका लागि विद्यालय खोज्ने मानिसहरु धेरै भए तापनि शिक्षक नै बन्न चाहने मानिस कम छन् । हाम्रो समाजमा पराइ बिनाको पढाइ अर्थहीन हुनाले शिक्षकले आफूलाई चिन्न सकेमा वर्तमान सादा भएपनि भविष्य गौरवशाली बन्दछ । शिक्षणका क्रममा विद्यार्थीको देब्रे दिमाग (Left Mind) लाई होइन दाहिन दिमाग (Right Mind) माइन्डलाई चलाइदिन सक्नुपर्छ शिक्षकले । शिक्षकको जीवन रंगीन जीवनबाट टाढा हुन सक्नुपर्दछ । शिक्षक उज्यालो भविष्यको प्रतीक्षामा रहेका कलिला मुनाहरूको ऊर्जा हुनुपर्दछ। जबसम्म शिक्षक विद्यालयमा परीक्षामुखी अध्यापन शैली, विद्यार्थीले परीक्षा लिने आत्मरति, विद्यार्थीको सिकाइ भन्दा पाठ सिक्नै पर्ने चिन्तन, जिम्मेवार हुनुपर्ने निकायको उदासीनता रहन्छ तबसम्म विद्यालय र विद्यार्थीको बाटो खुल्न सक्दैन ।

प्रयास र सरिता बीचको प्रेम सम्बन्धलाई आत्मसाथ गर्दै अगाडि बढेको उपन्यासमा हुनुपर्ने सम्पूर्ण तत्वहरु समावेश भएका छन् । नेपाली भाषामा लिखित प्रस्तुत उपन्यासमा अधिक मात्रामा अंग्रेजी शब्दको प्रयोग गरिनु यसको एक दुर्बल पक्ष हो । समग्रमा भन्नुपर्दा टीकाराम रेग्मी प्रस्तुत पुस्तकको रचनाकार एक सफल व्यक्ति हुन् । उज्यालोतिर पुस्तकको माध्यमबाट सम्पूर्ण शैक्षिक परिपाटीलाई परिवर्तन गरी उज्यालो समाजको निर्माणमा शिक्षकहरु लाग्नुपर्ने कुरालाई उजागर गरेको पाइन्छ। समाज परिवर्तनको वाहक नै शिक्षा हो। शिक्षाको पहिलो खुड्किलो नै घरपरिवार र समाज हो । तत्पश्चात् मात्र विद्यालय आउने गर्दछन् । त्यसैले आत्मबल बढाउने शिक्षा आफ्नो मनको मालिक आफूलाई नै बनाउने शिक्षा विद्यार्थीलाई दिन सक्नुपर्दछ। आलोचनात्मक वातावरणमा हुर्केको बालकले आलोचना नै सिक्दछ भने प्रशंसामा हुर्केकाले प्रशंसा र विचार विनिमय गर्न पाएमा सामान्यीकरण गर्न सिक्दछ । त्यसैले शिक्षकले यस्तो वातावरण दिनुपर्दछ ताकि विद्यार्थी आफै खोजेर सिक्न सकुन्। जबसम्म निर्देशित सिकाइबाट बालबालिकालाई टाढा राख्न सकिँदैन तबसम्म शिक्षा प्रभावकारी बन्न सक्दैन ।


अतः टीकाराम रेग्मीले उपन्यासको प्रमुख पात्र सरिताको माध्यमबाट विद्यालयमा आमूल परिवर्तन गरी सरिताको जीवन समेत उज्यालोतिर लाग्न सफल भएजस्तै पुरानो शैक्षिक प्रणालीलाई त्याग्दै नयाँ खोज अनुसन्धानको साथै विद्यार्थी सम्मानको वातावरण सिर्जना गरी विद्यार्थीको चेतनालाई शिक्षकले कोट्याउँदै जिज्ञासा मेट्दै जान सकेमा शैक्षिक परिपाटीले फड्को मार्न सक्छ । विद्यार्थीमा आत्मविश्वासको चेत छर्दै शिक्षकले सिकाउने होइन सिक्ने हो भन्ने कुरा आत्मसात गर्न सकेमा सिकाइ प्रभावकारी भई शैक्षिक गतिविधिको उन्नयन हुने थियो कि ?

*(आचार्य हेटौँडा-५ स्थित जीएस निकेतन माविकी शिक्षक हुनुहुन्छ ।)*

## चित्रकला



सृष्टि श्रेष्ठ
युकेजी, लिटिल बडी प्रिस्कूल
हेटौंडा-४



दिपासना थापा
कक्षा-१०, जिएस निकेतन
हेटौंडा-५




दिपेन तामाङ
कक्षा-१०, आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय

## चित्रकला




सुयोग श्रेष्ठ
कक्षा-५, ब्रम्हदिक् एकेडेमी
हेटौंडा-४

# फेरि उम्रने आँट जिउँदो छ



**सरोजप्रसाद साह**

कालो सम्पति छ, तपाईंसँग धेरै, त के भो ?
मेरो इमान्दारी र स्वाभिमान जिउँदो छ ।
मौकामा डस्ने तपाई राष्ट्रघाती गोमन सर्प हुँदैमा, के भो ?
मेरो राष्ट्रप्रेम र स्वाभिमान जिउँदो छ ॥



राष्ट्रको व्यापार हुन्छ तपाईंको पापी महलमा, त के भो?
मेरो उद्यमशीलताको प्रयास जिउँदो छ ।
सुनैको भाँडामा धोइन्छ रगतले लत्पतिएको तपाईंको कालो हात, त के भो ?
स्टिल र फलामले देशको निर्माण गर्ने, मेरो आश जिउँदो छ ॥



निर्दोष र सोझाका रगत चुस्ने, तपाई महापुरुष हुँदैमा के भो ?
मेरो त्याग र बलिदानको उडान जिउँदो छ ।
भविष्यलाई कुल्चने तपाईंको ठूलो रहर, हुँदैमा के भो ?
कवच वीरताको र अन्यायको छाती चिर्ने, हतियार जिउँदो छ ॥



झुटको व्यापार गर्ने बुद्धिजीवी हुनुहुन्छ तपाईं, त के भो ?
मेरो सत्य-कवच, कवच-सत्य जिउँदो छ ॥
कुल्चिन्छ मखमली र कोमल बिउँ तपाईंको पाउँ-मुनि त के भो ।
फेरि उम्रने मेरो आँट जिउँदो छ ॥

# "राजनीतिक रंगमञ्चः वाचा, झुट र निराशाको खेल"



**निश्चल अधिकारी**

नेपाली राजनीतिका चश्मा भित्रको दृश्य,
सुनौलो सपनाको, कता गए त सृष्टि ?
चुनावी वचनको, बाढी छ बग्दै,
सत्यको खोजीमा, झुटको पर्खाइ ।

सुरु हुन्छ अभियान, चियाको कप संगै,
जुनसुकै दलमा, मिल्छ केवल "संगै" ।
सालिकमा चढेको, नेताहरु कुरा,
जनताको गुनासो, ति त कता सुना ?

सपना बुनिरहेका, कसम गर्छन खुबै,
तर हरेक चुनावमा, उही पुराना थाबै ।
बिजुलीको वादा, र चाँदीको बाटो,
समस्या छ हामीलाई, तर तिनीहरुलाई गतो ।

नेताहरुको जीवन, तिम्रा गाडीको चमक,
जनताकै गहिरो, भुल्ने हो तिमीको दमक ।
संकटमा मन्दिरको, गरिन्छ पूजा हरेक,
तर जनता भने, दीनदुखमा धुने लेख ।

भाषणमा वाचा, रङ्गीचंगी सपना,
कसैको मुटुमा छैन, आस्था र सच्चा ।
झुपडीमा बस्ने, र शान्ति खोज्ने,
हैसियतको खेलमा, सबैले दान दिने ।

यात्रा सधैं छ, जस्तै घुम्तीको घेरा,
नेपाली राजनीति, सधैं उस्तै तेरा ।
धेरै चिल्ला वाचा, तर कर्मको कमी,
धर्म, जात र स्वार्थले, लिन्छन् हामीलाई हिम्मत ।

हाम्रो चित्तमा प्रश्न, अनि चुपचाप सहन,
नेता त आकाशमा, र जनता त माटोमा चिप्लन ।
के हाम्रो भविष्य, यस्तै निराशामा सधैं ?
या यिनै नेता सँगै, उठाउँछौं हामी थालनी ?

# धोखा कहिलेसम्म सरकार !



**निशान्त यादव**

सरकार,
धोखा त दिन्छौ तर,
मौका कहिले दिँदैनौं ।
हामी जनता हौं जनावर होइन,
तिमी पनि मानव छौ दानव होइन ।

आखिर कहिलेसम्म सरकार,
तिमीले दिएको दुःख अति भयो,
पीडाको कुरा नगर जति दियौ
मन भरिने गरी दियौ, होइन त ।

फरक छ आज र हिजोमा
हिजो कमाउनका लागि परदेशी
हिजो रमाउनका लागि परदेशी
आज शिक्षा पाउन परदेशी ।

विद्यार्थी, बच्चा अनि कलिलो छु,
पढाई गर्नुछ, भविष्य बनाउनु छ
हामी आफैलाई आफ्नो मजबुरी छ,
बाहिर बसेर पढ्छु, घर दूरी छ ।

चुनाव आउँछ, सरकार बनाउछौ
वचन दिन्छौ हार खान्छौ ।
झुठो बताएर के हुन्छ ?

हामीलाई सताएर के हुन्छ ?

सरकार तिमी जनतालाई सम्झ
हामीलाई असफलको त्रास छ,
मनमा भविष्यको आस छ
फेरि पनि किन होला
तिमी अहिलेसम्म विश्वास छ ।

अन्तिममा एउटा मुक्तकसँग छुटौ,
हामीले पनि बाँच्न सक्ने माहौल हुनुपर्छ
सरकार, हाम्रो बस्तीमा सिटामोल हुनुपर्छ
पीडामा छु, धेरै हिसाब छ तिमीसँग मेरो आँसुको
सायद उ पक्कै पनि मेरो सिरानीको खोल हुनुपर्छ ।

*कविलासी-३, सर्लाही*


## मोटरसाइकल हराएको सूचना

मकवानपुर जिल्लाको बकैया गाउँपालिका-४ निवासी विवेक बोलखे सञ्चालक रहेको विवेक विनिता निर्माण सेवाको नाममा दर्ता रहेको बा प्र ०३-००५ प ४३४ नम्बरको २२० सीसीको पल्सर मोटरसाइकल (च्याचिस नं. MD2A13EX6MCJ99563, इन्जिन नम्बर DKXCMJ33900) मिति २०८१ साल असोज २५ गते राती अन्दाजी ९ बजेको समयमा बकैया-४, छतिवनस्थित प्रमोद थापाको घर अगाडि पार्किङमा राखेको ठाउँबाट चोरी भएको हुँदा कहीं कतै देख्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित मोवाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनु हुन अनुरोध गरिन्छ ।

**सम्पर्कः ९८४५५८०३८२**



## दिगो विकासका लागी एकता नेपाल
(USD Nepal)
हेटौंडा-११, मकवानपुर

### कर्मचारी आवश्यकता

*(पहिलोपटक सुचना प्रकाशित मिति : २०८१ कार्तिक ३)*

यस संस्थाले मकवानपुर जिल्लाको राक्सिराङ्ग गाउँपालिकामा सन्चालन गर्दै आएको कार्यक्रमका लागि तपशिलको पदमा कर्मचारी पदपुर्ती गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट निवेदन आह्वान गरिन्छ ।

पद : निर्माण सुपरिवेक्षक ।
योग्यता : सिभिल इन्जिनियरिङ्ग उत्तीर्ण गरी सम्बन्धित निकायबाट लाइसेन्स प्राप्त तथा सवारीचालक अनुमतिपत्र (मोटरसाइकल) प्राप्त गरी ग्रामीण क्षेत्रमा चलाउन जान्ने ।
अनुभवः सम्बन्धित काममा कम्तिमा १ वर्षको अनुभव भएको ।
उमेर : २२ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
पारिश्रमिक : संस्थाको नियमानुसार ।
परीक्षाको किसिम : अन्तर्वार्ता ।
निवेदन पेश गर्ने इमेल ठेगाना : usdnepal@gmail.com,
निवेदन दिने अन्तिम मिति : २०८१ कार्तिक ११ गते अपरान्ह ५ :०० बजेसम्म ।
**नोटः**- सर्टलिस्टमा परेका उम्मेदवारहरूलाई मात्र अन्तर्वार्ताका लागि बोलाइनेछ ।


# खेलमैदान



**समृद्धि अधिकारी**

खेल्न जाउँ मैदानमा,
साथीहरू सबै सँगै,
उफ्रौं दौडौं रमाइलो,
हामी खेल्छौं खुसीले।

बललाई लाग्छौं कुद्दै,
पकड खेल्छौं रमाई,
घाँसमा छिटो लड्छौं पनि,
तर हाँस्दै उठ्छौं सजिलै ।

बादल हेर्छौं आकाशमा,
झरिन्छ धूलोमा,
दिनभर खेल्दा रमाइलो,
सपना देख्छौं खेलमै ।

# मुक्तक



**श्रेया तिमल्सिना**

मेरो हारमा पनि हजुरको असल प्रहार हुनु प्रहार हुनु पर्छ
हाम्रो मायाको छुट्टै एउटा सुनौलो सन्सार हुनु पर्छ
बन्धन बिबाह को थियो सफत यात्रा को होइन
चाहाना यति हुने छ सधै हसिलो घर वर हुनुपर्छ



## बीमालेख हराएको सूचना

मिति २०८१ साल साउन २८ गतेका दिन हेटौंडा बजारबाट हेटौंडा उपमहानगरपालिका कार्यालयसम्म जाने क्रममा मेरो तपसील बमोजिमको व्यहोराको बीमा लेख हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित मोवाइल नम्बरमा सम्पर्क गरी उपलब्ध गराइदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

बीमा कम्पनिको नामः लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.
बीमा लेख नं.: २५०८१८८२४
बीमालेख धनीको नामः करुण श्रेष्ठ
ठेगानाः हेटौंडा-४

**सम्पर्कः ९८५५०३०६२५**


## बुधबारे बालसाहित्य



यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

**सम्पादक ।**


# हार्दिक श्रद्धाञ्जली



मकवानपुरको उत्तरी क्षेत्रस्थित ईन्द्रसरोवर गाउँपालिकाको सिस्नेरीमा एन्फा फुटबल एकेडेमी अन्तर्गत बत्सलादेवी माविमा फुटबल प्रशिक्षण गरिरहेका यस मकवानपुर जिल्ला समन्वय समितिका आदरणीय प्रमुख ललितबहादुर घलानका छोरा १४ वर्षीय अनुपम घलानसहित मकवानपुरको सिस्नेरीका १४ वर्षीय दिवस बानियाँ, मकवानपुरगढीका १४ वर्षीय साइमन योञ्जन, बारा जिल्लाको निजगढ नगर पालिकाका १४ वर्षीय विकल रेग्मी, काठमाडौंका ११ वर्षीय प्रियान्स आचार्य र सर्लाहीका १३ वर्षीय आदित्य बलमपाकीको यही मिति २०८१ साल असोज १२ गते शनिबारका दिन बिहान पहिरोमा परी असामयिक निधन भएको खबरले हामी मर्माहत भएका छौं । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति मिलोस् भनी समवेदना समेत व्यक्त गर्दछौं ।

**जिल्ला समन्वय समिति**
**मकवमानपुर परिवार**
हेटौंडा, मकवानपुर

# यु-१९ प्रादेशिक टिम छनोट क्रिकेट प्रतियोगिता, चितवन विजयी

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी बागमती प्रदेशस्तरीय यु-१९ टिम छनोट क्रिकेट प्रतियोगिताको खेलमा चितवन जिल्ला विजयी भएको छ। हेटौंडा-४ स्थित हुप्रचौरमा भएको खेलमा मकवानपुरलाई २ रनले हराउँदै चितवन विजयी भएको हो ।

शुक्रबार भएको प्रतियोगिताको तेस्रो दिनको खेलमा टस जितेर पहिले ब्याटिङ गरेको चितवनले ३५ ओभर ४ बलमा सबै विकेटको क्षतिमा १ सय ३३ रन बनाएको थियो। चितवनका लागि सूर्यान्स कोइरालाले ७२ बलमा अविजीत रहँदै सर्वाधिक ५३ रन बनाएका थिए। विशाल खत्रीले २९ बलमा २६ रन बनाएका हुन्। सुगम ढुंगाना २८ बलमा र प्रिन्स पटेलले २३ बलमा ८/८ रन बनाएका थिए ।

बलिङतर्फ मकवानपुरबाट गोकुल अधिकारीले सर्वाधिक ५ ओभर ४ बलमा १३ रन दिँदै ६ विकेट लिएका थिए । कृष्णकुमार यादव ८ ओभरमा २१ रन र राजा अहमदले ७ ओभरमा ३२ रन दिँदै सामान १/१ विकेट लिएका थिए ।

जवाफी ब्याटिङमा उत्रिएको मकवानपुरले ३३ ओभरमा १ सय ३१ रन बनाउँदै अल आउट हुन पुगेको थियो। मकवानपुरका गौरव खड्काले ४० बलमा ४० रन बनाएका थिए। उनले २ छक्का र ४ चौका प्रहार गरेका थिए । आशिक अधिकारीले २८ बलमा १५ रन बनाएका थिए । गोकुल अधिकारी, अरविन यादव, रोहित ठाकुर र राजा अहमदले भने समान १०/१० रन बनाएका थिए ।

चितवनबाट बलिङतर्फ ८ ओभरमा २४ रन दिँदै ३ विकेट लिएका थिए । विशाल खत्रीले ८ ओभरमा ३३ रन दिँदै २ विकेट लिएका थिए। मन्दिप खड्काले ३ ओभर ४ बलमा २४ रन र मन्दिप बरालले ८ ओभरमा ३० रन दिँदै समान २/२ विकेट लिएका थिए ।

खेलको म्यान अफ द म्याच मकवानपुरका गोकुल अधिकारी घोषित भएका छन् । उनलाई जिल्ला क्रिकेट संघका कोषाध्यक्ष तथा प्रादेशिक टिम छनोट प्रतियोगिताका संयोजक धिरज श्रेष्ठले म्यान अफ द म्याचको पुरस्कार हस्तान्तरण गर्नुभएको थियो ।

प्रतियोगिता अन्तर्गत भोलिको खेलमा चितवन जिल्ला र ललितपुर महानगरपालिकाको टिमबीच प्रतिस्पर्धा हुनेछ। हेटौंडामा प्रतियोगिताको अन्तिम खेल कार्तिक ४ गते हुनेछ।

प्रतियोगितामा मकवानपुरसहित काठमाडौं, ललितपुर, भक्तपुर, नुवाकोट र चितवन गरी ६ जिल्लाको सहभागिता रहेको छ । मकवानपुर जिल्ला क्रिकेट संघका कोषाध्यक्ष धिरज श्रेष्ठको संयोजकत्वमा हेटौंडामा छनोट खेल भइरहेको छ ।

# १३ नम्बरमा टोलस्तरीय फुटबल सुरु

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१३ मा टोलस्तरीय नकआउट फुटबल सुरु भएको छ । बिहीबार आधामार टोल विकास संस्थाको आयोजनामा सुरु भएको प्रतियागिताको उद्घाटन खेलमा मेन्दोलिङ टोलले विजयी सुरुवात गरेको छ ।

आयोजक आधामार टोललाई टाइब्रेकरमा ४-२ गोलले हराउँदै मेन्दोङ टोलले विजयी सुरुवात गरेको हो। खेलको निर्धारित समय ४/४ गोलको बराबरीमा रोकिएपछि नतिजाका लागि टाइब्रेकरको सहारा लिनुपरेको थियो ।

१३ नम्बर वडा कार्यालय र रोज कन्स्ट्रक्सनको सहयोगमा सुरु भएको प्रतियोगितामा १७ वटा टोलहरुको सहभागिता रहेको छ। प्रतियोगिताको फाइनल खेल कार्तिक १४ गते हुनेछ। प्रतियोगिताको उपाधि विजेताले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

आधामार टोल विकास संस्थाका अध्यक्ष धिरेन लामाको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिका वडा नम्बर १३ का वडाध्यक्ष पेम्बा लामाको प्रमुख आतिथ्यमा प्रतियोगिताको उद्घाटन समारोह भएको हो । प्रतियोगितामा १३ नम्बर वडाका टोलका खेलाडीहरुले मात्र सहभागिता जनाउन पाइने भनिएता पनि विजयी टिमले एक जना वडा १४ खेलाडीलाई सहभागी गराएको भनेर उजुरी परेको अध्यक्ष लामाले बताउनुभयो। सहभागी खेलाडी वडा-१४ को सावित भएमा आयोजकलाई विजयी घोषित गरिने उहाँले बताउनुभयो । उद्घाटन समारोहमा नेसपाका केन्द्रीय सदस्य सोबिन थिङ, वडाका सदस्यहरुलगायतको उपस्थिति रहेको थियो ।

# बालबालिकालाई भिटामिन ए र जुकाको औषधी खुवाईदैं



*मकवानपुरगढी गाउँपालिकास्थित खोपकेन्द्रमा एक शिशुलाई भिटामिन ए खुवाईदैं ।*

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय पोषण कार्यक्रमअन्तर्गत शुक्रबारबाट बालबालिकालाई भिटामिन ए क्याप्सुल जुकाको औषधी खुवाउन सुरु गरिएको छ । शुक्रबार र शनिबार दुई दिनमा मकवानपुर जिल्लाका ३२ हजार २ सय ४२ जना बालबालिकालाई भिटामिन ए र २९ हजार १ सय २२ जना बालबालिकालाई जुकाको औषधी खुवाइँदैछ ।

६ महिनादेखि ५ वर्षसम्मका बालबालिकालाई भिटामिन ए र १ वर्षदेखि ५ वर्षसम्मका बालबालिकालाई जुकाको औषधि खुवाइने जनस्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकारी लक्ष्मण घिमिरेले जानकारी दिनुभएको छ । मकवानपुर जिल्लाका १० वटा पालिकामध्ये सबैभन्दा बढी हेटौँडा उपमहानगरपालिकामा १२ हजार ६ सय ६३ जना बालबालिकालाई भिटामिन ए क्याप्सुल खुवाइँदैछ भने ११ हजार ४ सय ५३ जना बालबालिकालाई जुकाको औषधि खुवाइँदैछ । सबैभन्दा कम ईन्द्रसरोवर गाउँपालिकाका ७ सय ८८ बालबालिकालाई भिटामिन ए क्याप्सुल र ७ सय ११ बालबालिकालाई जुकाको औषधि खुवाइँदैछ ।

भिटामिन ए र जुकाको औषधि खुवाउन जिल्लाभर ४ सय ७१ जना महिला स्वास्थ्य स्वयंसेविका परिचालन गरिएको छ । भिटामिन ए क्याप्सुल र जुकाको औषधि सबै पालिकामा पठाइसकिएको जनस्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

# बाल संरक्षणसम्बन्धी कार्यशाला

समाज संवाददाता

हेटौंडाः अनलाइनमार्फत हुने यौन दूर्व्यवहारबाट बालबालिकाको संरक्षण सम्बन्धमा सिविन बालहेल्पलाइन हेटौंडाको आयोजनामा हेटौंडामा संवाद कार्यक्रम भएको छ । शुक्रबार हेटौंडामा भएको कार्यक्रममा काठमाडौंस्थित नेपाल प्रहरीको साइवर व्युरोका प्रहरी उपरीक्षक दीपकराज अवस्थीले साइवर अपराधका विषयमा प्रस्तुती राख्नुभएको थियो ।

प्रहरी उपरीक्षाक अवस्थीको प्रस्तुतीपछि सरोकारवालाको सहभागितामा समूह छलफल गरी बालबालिकाको संरक्षण बारे सुझाव संकलन गरिएको थियो । छलफलबाट बालबालिकामाथि हुने हिंसा तथा दूर्व्यवहारका घटनाबाट बच्न, बचाउन अभिभावकलाई जिम्मेवार बनाउनुपर्ने, पीडितलाई उचित न्याय तथा पीडकलाई कानुनअनुसारको कारवाहीको सुनिश्चितता रहनुपर्ने, साइवर अपराधका घटनासम्बन्धी निवेदन ईलाका प्रहरी कार्यालय तहबाटै कारवाही र अनुसन्धान हुने व्यवस्था गर्नुपर्ने लगायतका सुझाव समूह छलफलबाट निकालिएको छ । कार्यक्रममा स्थानीय प्रशासन, प्रहरी, प्रदेश र स्थानीय सरकारका प्रतिनिधि, गैरसरकारी निकायका पदाधिकारीको सहभागिता रहेको थियो ।

# हृदयघात भई बज्राचार्यको निधन

समाज संवाददाता

हेटौंडाः हेटौंडाका व्यवसायी रुपकराज बज्राचार्यको निधन भएको छ। सुनचाँदी व्यवसायी संघ मकवानपुरको अर्थ लेखा समितिका संयोजक समेत रहनुभएका बज्राचार्यको ५८ वर्षको उमेरमा हृदयघातका भई मंगलबार चितवनमा निधन भएको हो ।

दसैं बिदाको समयमा चितवन राष्ट्रिय निकुञ्जको भ्रमण रहनुभएका बज्राचार्यलाई मंगलबार बिहान हृदयघात भएको थियो । हृदयघातपछि उपचारका लागि चितवनस्थित अस्पतालमा उपचारको क्रममा बज्राचार्यको मंगलबार दिउँसो मृत्यु भएको सुनचाँदी व्यवसायी संघको बागमती प्रदेश समिति अध्यक्ष ज्योतिरत्न बज्राचार्यले जानकारी दिनुभयो। हेटौंडा-१ निवासी बज्राचार्यको बुधबार दिउँसो हेटौंडाको राप्तीतटमा अन्त्येष्टी गरिएको छ । बज्राचार्य व्यवसायसँगै विभिन्न सामाजिक संघ, संस्थामा समेत आवद्ध हुनुहुन्थ्यो ।

# मुख्यमन्त्री लामासहित ४५ जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौंडाः ६९ औं प्रहरी दिवसको अवसरमा बागमती प्रदेश प्रहरीले बुधबार रक्तदान कार्यक्रम आयोजना गरिएको छ । कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामासहित ४५ जनाले रक्तदान गरेका छन् ।

बागमती प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक कृष्ण हरि शर्मासहित ४ महिला र ४१ जना पुरुष कर्मचारीले रक्तदान गरेका हुन् । कार्यक्रममा रक्त सञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो । कार्यक्रममा आन्तरिक मामिला तथा कानून मन्त्री श्री सुरज चन्द्र लामिछाने, जिल्ला समन्वय समिति मकवानपुरका कार्यबाहक प्रमुख सानुकाजी लुइँटेल, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका प्रमुख सचिव डा. हरि प्रसाद लम्साल, हेटौंडा उप-महानगरपालीकाकी प्रमुख मिना कुमारी लामा, मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थ राज चिलुवाल, आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव पूर्ण बहादुर दर्जी र अख्तियार दुरुपयोग अनुसन्धान कार्यालय, हेटौंडाका प्रमुख उमाकान्त आचार्य लगायतको आतिथ्य रहेको थियो ।

# छुरा प्रहारबाट एक घाइते

समाज संवाददाता

हेटौंडाः काठमाडौं-तराई/मधेश द्रुतमार्ग निर्माणको काममा खटिएका मजदुरबीच असोज २५ गते शुक्रबार साँझ झगडा भएको छ । द्रुतमार्गअन्तर्गत मकवानपुरको बकैया गाउँपालिका-११, घट्टेपाखामा मजदुरबीच झगडा हुँदा छुरा प्रहार भएको छ ।

छुरा प्रहारबाट ओखलढुङ्गा जिल्लाका २५ वर्षीय निम शर्मा घाइते भएका छन् । शर्मालाई कैलाली जिल्लाको धनगढीका २६ वर्षीय करण रानाले छुरा प्रहार गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। दायाँ हातको नाडीको नशा काटिएको शर्माको हेटौंडास्थित सन्चो अस्पतालमा उपचार भइरहेको छ । प्रहरीले छुरा प्रहार गर्ने रानालाई पक्राउ गरेको जनाएको छ ।

# प्रदेश लोकसेवा आयोग सदस्यको राजीनामा

समाज संवाददाता

हेटौंडाः आफूभन्दा कनिष्ठलाई अध्यक्ष बनाउने तयारी गरेको भन्दै बागमती प्रदेश लोकसेवा आयोगका सदस्य सुदर्शन ढकालले पदबाट राजीनामा दिनुभएको छ । उहाँले प्रदेश प्रमुख दीपकप्रसाद देवकोटालाई भेटेर शुक्रबार राजीनामा बुझाउनु भएको हो ।

११ कार्तिकबाट लागू हुने गरी ढकालले प्रदेश लोकसेवा आयोग ऐन, २०७६ को दफा ६ (क)अनुसार राजीनामा बुझाउनु भएको छ । आफूभन्दा कनिष्ठ व्यक्तिलाई आयोगको अध्यक्ष बनाउने तयारी भएपछि पदबाट राजीनामा दिएको उहाँको भनाइ छ । प्रदेश सरकारले सहसचिव स्तरको व्यक्तिलाई प्रदेश लोकसेवा आयोगको अध्यक्ष बनाउन लागेको उहाँले दाबी गर्नुभयो ।

बागमती प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले आफूलाई आयोगका सदस्य ढकालले राजीनामा दिएको विषयमा कुनै जानकारी नभएको बताउनुभयो । उहाँले आयोगको अध्यक्ष नियुक्तिको विषय पनि आफूलाई जानकारी नभएको दाबी गर्नुभयो ।

उहाँले आयोगको अध्यक्ष नियुक्त गर्ने विषयमा छलफल भने भइरहेको जानकारी दिनुभयो । प्रदेशका मुख्यमन्त्री, प्रमुख प्रतिपक्षी दलका नेता र सभामुख सदस्य रहेको ३ सदस्यीय समितिले आयोगको अध्यक्ष नियुक्त गर्ने भएकाले आफूलाई त्यसबारेमा वास्तविकता थाहा नभएको उहाँको भनाइ छ ।

यता मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय स्रोतका अनुसार प्रदेश स्वास्थ्य निर्देशनालय हेटौंडाका पूर्वनिर्देशक महेश्वर श्रेष्ठलाई आयोगको अध्यक्ष बनाउने तयारी भएको छ । स्रोतका अनुसार अध्यक्षमा श्रेष्ठको नाम फाइनल भइसकेको र एक दुई दिनमै नियुक्ति गर्ने तयारी गरिएको छ ।

# ईश्वरले आफ्नै भाइको हत्या गरे

समाज संवाददाता

हेटौंडाः धादिङ जिल्लाको थाक्रे गाउँपालिका-७, माटिगाउँका ४५ वर्षीय ईश्वर चेपाङले आफ्नै मामाको छोरा (भाइ) को हत्या गरेका छन्। असोज २४ गते बिहिबार साँझ पुरानो रिसईवीका आधारमा ईश्वरले ३६ वर्षीय कुमार चेपाङलाई खुकुरी प्रहार गरी घाइते बनाएका थिए ।

पेटमा खुकुरी प्रहारबाट गम्भीर घाइते भएका कुमारको काठमाडौंस्थित ट्रमा सेन्टरमा उपचारको क्रममा असोज २६ गते शनिबार राती १२ बजेर ५० मिनेटको समयमा मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । प्रहरीले ईश्वर चेपाङलाई नियन्त्रणमा लिएको छ ।

# बुद्धिचाल परिषद्को उपाध्यक्षमा लामा

समाज संवाददाता

हेटौंडाः दक्षिण एसियाली बुद्धिचाल परिषद्को उपाध्यक्षमा मकवानपुरका धरमबहादुर लामा चयन हुनुभएको छ । लामा नेपाल बुद्धिचाल महासंघका महासचिव हुनुहुन्छ ।

परिषद्को अध्यक्षमा भारतका धर्मेन्द्र कुमार चयन हुनुभएको छ। सहअध्यक्षमा बंगलादेशका सयद साहव उद्दिन चयन हुनुभएको छ। महासचिवमा माल्दिभ्सका सियान हुसेन चयन हुनुहुँदा कोषाध्यक्षमा भुटानका पाल्देन दोर्जे थिन्ले चयन हुनुभएको छ । नवगठित परिषद्को कार्यकाल ४ वर्षको हुनेछ ।


## ज्ञानदीप शिक्षा (जी.एस.)निकेतन माध्यमिक विद्यालय

हेटौंडा-५, भैरवरोड

**शिक्षक आवश्यकता**

*(प्रथम पटक प्रकाशित मितिः २०८१/०६/०१)*

यस विद्यालयका लागि तपशिलमा उल्लेख गरिएका तह र विषयहरुको शिक्षक करारमा आवश्यकता रहेकाले निम्न लिखित योग्यता पूरा गरेका ईच्छुक नेपाली नागरिकबाट रीतपुर्वक दरखास्त आव्हान गरिन्छ :-

**क) विषय : अनिवार्य गणित**

(१). तह : मा.वि. गणित शिक्षक- १ जना
(२) न्यूनतम शैक्षिक योग्यता : गणित विषयमा स्नातक तह उतीर्ण
(३). परीक्षाको किसिम : लिखित, कक्षा अवलोकन र अन्तरवार्ता
(४). उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
(५). परीक्षा दस्तुर : रु. २,०००/-
(६) : अध्यापन अनुमतीपत्र अनिवार्य नरहेको ।

**ख) विषय : विज्ञान**

(१) तह : प्रा.वि. विज्ञान शिक्षक - १ जना
(२) न्यूनतम शैक्षिक योग्यता : विज्ञान विषयमा +2 उतीर्ण
(३) परीक्षाको किसिम : लिखित, कक्षा अवलोकन र अन्तरवार्ता
(४) उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
(५) परीक्षा दस्तुर : रु. १,५००/-
(६) अध्यापन अनुमतीपत्र अनिवार्य नरहेको ।

**ग) दरखास्त दिने अन्तिम मिति** : २०८१ कार्तिक २३ गते शुक्रबार दिउँसो ४ बजेसम्म

**घ) लिखित परीक्षा हुने मिति** : २०८१ कार्तिक २४ गते शनिबार, बिहान ११ बजे

**ङ) आवश्यक कागजात** : शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, हस्तलिखित आवेदन, फोटो १ प्रति

**च) पाठ्यक्रम** : शिक्षक सेवा आयोगद्वारा निर्धारित मा.वि. तहका लागि मा.वि. गणित र प्रा.वि. तहका लागि। नि.मा.वि. तह विज्ञान विषयको विषयगत पाठ्यक्रमबाट मात्र १०० अंकको लिखित परीक्षा हुनेछ ।

**सम्पर्क फोन : ०५७-५२३४१५, ९८५५०६९१८४, ९८५५०६९२८४**


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ